# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन ६ गते २०२९ साल [ संख्या २४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

### अञ्चल तथा जिल्ला अदालत (तेश्रो संशोधन) नियमावली २०२९

अञ्चल तथा जिल्ला अदालत नियमावली २०२० (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकाले न्याय प्रशासन (बिबिध व्यवस्था) ऐन २०२८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायको नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "अञ्चल तथा जिल्ला अदालत (तेश्रो संशोधन) नियमावली २०२९" रहेको ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ५६ ग. मा संशोधनः– मूल नियमावलीको नियम ५६ ग. को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायबमोजिमको प्रतिन्बधात्मक वाक्यांश राखिएको छ :–

"तर खण्ड (ख) र (ग) बमोजिमको प्रतिनिधि कम्तिमा खरिदार सरहको हुनुपर्नेछ ।"

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

३२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

332

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।